# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## धनगढी,कैलाली , सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी,कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८१/०८२

च.न. :

**बिषयः जग्गा लिजमा दिने कार्यका लागि विद्युतीय दरभाउपत्र वा हार्डकपि आव्हानको सूचना ।**

**तेश्रो पटक प्रकाशित मिति: २०८१।१०।२२**

**ठेक्का न. R 7/DSMC/081/082**

यस धनगढी उपमहानगरपालिकाको भोगाधिकारमा रहेको वडा न. १ पशुपति टोल स्थित पशुपति मन्दिर नजिक त्रिबेणी सडक संग जोडिएको जग्गालाई ( सि.न.०२७०७६९।११ को कि.न. १६ को ०-०-१४ धुर जमिन यस उपमहानगरपालिकाको भोगाधिकारमा रहेको ) व्यापारिक प्रयोजनका लागि २० बर्षका लागि लिजमा दिने/ लिने कार्यका लागि लागि ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूको जानकारीको लागि विद्युतीय दरभाउपत्र आव्हानको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै यो सूचनाको विस्तृत विवरण धनगढी उ.म.न.पा.को वेभसाइट www.dhangadhimun.gov.np वा www.bolpatra.gov.np/egp बाट हेर्न सकिनेछ ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## धनगढी,कैलाली , सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी,कैलाली
सुदूरपश्चिम प्रदेश,

प.स. : ०८१/०८२
च.न. :

**बिषय: जग्गा लिजमा दिने कार्यका लागि विद्युतीय दरभाउपत्र वा हार्डकपि आव्हानको सूचना ।**

**तेश्रो पटक प्रकाशित मिति: २०८१।१०।२२**

**ठेक्का न.** R 7/DSMC/081/082

यस धनगढी उप महानगरपालिकाको भोगाधिकारमा रहेको वडा न. १ पशुपति टोल स्थित पशुपति मन्दिर नजिक त्रिबेणी सडक संग जोडिएको जग्गा ( नक्सा सि.न.०२७०७६९।११, कि.न. १६ को ०-०-१४ धुर जमिन यस उपमहानगरपालिकाको भोगाधिकारमा रहेको ) ब्यापारिक प्रयोजनार्थ २० बर्षका लागि जग्गा लिजमा लिने कार्यका लागि ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरूको जानकारीको लागि विद्युतीय दरभाउपत्र आव्हानको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**सूचनाका शर्तहरु**

१। बढाबढका लागि मासिक न्यूनतम ठेक्का अंक रु. ४०,०००। (अक्षरूपी चालीस हजार मात्र बहाल कर सहित) कायम गरिएको छ ।

२। जग्गाको लिज रकममा (कवोल ठेक्का रकममा) प्रत्येक २।२ बर्षमा १० प्रतिशतका दरले बृद्धि हुने छ । बृद्धि गरिदा बृद्धि भएको रकममा नै लिज रकम बृद्धि हुनेछ ।

३। उक्त जग्गामा नियमानुसार नक्सा पास गराई ब्यापारिक प्रयोजनका लागि अस्थाई प्रकारका संरचनाहरू निमार्ण गरी बहालमा लगाउने सकिनेछ । साथै पार्किङ लगायत अन्य प्रयोजनबाट पनि आय आर्जन गर्न पाईने छ ।

४। फर्म वा कम्पनीहरूले ठेक्का प्रकृयामा समावेश हुनका लागि आ.व. २०८०।०८१ को आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा यो लागु हुने छैन ।

५। दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र दाताले आफुले कबोल गरेको बार्षिक ठेक्का अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाताको हि.न. ४१७०१००३०३००००२ मा जम्मा गरेको भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट "क" वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ । बोलपत्र समावेश गर्नका लागि अनलाईन www.bolpatra.gov.np/egp मार्फत वा हार्डकपि मार्फत सहभागी हुनु पर्नेछ ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## धनगढी,कैलाली , सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी,कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८१/०८२

च.न. :

६। बिद्युतीय माध्यमबाट दरभाउपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरूले दरभाउपत्र खरिद वापतको रकम रा.बा.बैंक धनगढी शाखामा यस कार्यालयको नाममा रहेको अन्तरिक राजश्व खाता न.४१७०१००३०१०१०००२ मा बिद्युतीय प्रणली (राजश्व पोर्टल sutrarevenue.fcgo.gov.np को शिर्षक न. १४२२९ अन्य प्रशासनीक सेवा शुल्क) वा कार्यालयमा नगद रू १,०००। (पछि फिर्ता नहुने गरी) तिरेको भौचर समेत संलग्न गरी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

७ दरभाउ पत्र सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ । सोहि दिनको २.०० बजे खोलिने हुदा सो समयमा दरभाउ पत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ । उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८। दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य गरिनेछ ।

९। कुनै पनि ब्यक्ति, फर्म वा कम्पनीको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ । साथै उचित प्रतिस्पर्धा भएको नपाईएमा पुन: सूचना प्रकाशित गर्न सकिनेछ ।

१०। यस सूचनामा उल्लेख नभएका कुरा कार्यालयको निर्णय र प्रचलित ऐन, कानून बमोजिम हुनेछ । साथै कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

११। यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट dhangadhimun.gov.np वा bolpatra.gov.np/egp पनि हेर्न सकिनेछ र थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश ।

दरभाउ पत्र दस्तुर रू. १०००।

| सि. न | कार्यको विवरण | न्यूनतम बढाबढ हुने मासिक ठेक्का रकम बहाल कर सहित | कवोल गरेको मासिक ठेक्का रकम बहाल कर सहित | | धरौटी रकम |
|---|---|---|---|---|---|
| | | | अंकमा रू. | अक्षरमा रू. | |
| १ | जग्गा लिजका लागि कवोल गरेको मासिक ठेक्का रकम । | ४०,०००। | | | |

लिजमा लिनेको तर्फबाट:

नाम:

फर्म वा कम्पनीको नाम:

ठेगाना:

दस्तखत:

फोन नं.: